नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-:सार्वजनिक शान्ति बिरुद्धको कसूर ।

मि.नं.- ५२७, दायर मिति-: २०८१।०१।२३

फैसला मिति- २०८१।०१।२३

वादी

प्र.ब.ना.नि.सुनिल कुमार थापा समेतको प्रतिवेदनलेले नेपाल

प्रतिवादी

जिल्ला मकवानपुर मनहरी गा.पा.वडा नं.७ बस्ने शंकर राईको छोरा वर्ष १९ को प्रेम राई .........१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१. प्रतिवादीले गाली गलौज तथा कर्तब्य पालनामा बाधा पुर्याएको भन्ने प्रहरी प्रतिवेदन।
२. प्रहरीलाई गाली गलौज तथा कर्तब्य पालनामा बाधा पुर्याएको गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कर्तव्य पालनामा बाधा पुर्याएकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कर्तव्य पालनामा बाधा पुर्याएकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सेराजुल मिया मंसुरी समेतको घटनाविवरण कागज ।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

## ठहर-खण्ड

यसमा मिति २०८१।१।४ गते जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.१२ स्थित ड्युटीमा रहेका प्रहरी कर्मचारीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएकोले प्रतिवादी प्रेम राईलाई पक्राउ गरेको भन्ने घटनास्थल मुचुल्का तथा प्रहरी प्रतिवेदन रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी प्रेम राईलाई कैद दिन १९ र जरिवाना रु.३,०००/- अक्षरेपी तीन हजार मात्र गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी प्रेम राईलाई ठहरेको कैद दिन १९ को हकमा निज मिति २०८१।०१।०४ देखि २०८१।०१।२२ सम्म हिरासतमा बसी भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.३,०००/- असुल उपर गर्नु --१

२.प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जि. अ. वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु--------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ साल बैशाख महिना २३ गते आइतबार रोज १ /ने.सं. १४४४ चौलागा १२,शुभम् .....